# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (सत्ताइसौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति :- २०७८।०६।०४ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ५७ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, सर्वप्रथम नेपालको संविधान जारी भएको ६ वर्ष पूरा भएको अवसरमा संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य निर्माणको लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रति सभा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ। राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्दै एवं वेपत्ता पीडित नागरिक र लोकतान्त्रि गणतन्त्रात्मक राज्य निर्माणको लागि योगदान पुर्याउनु हुने अग्रजहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दै नेपालको संविधानको सफल कार्यन्वयनको लागि सभा प्रतिवद्धता व्यक्त गर्दछ।

माननीय सदस्यहरु, अब सून्य समय प्रारम्भ हुन्छ। सून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु। माननीय सदस्य आशा कोइराला, तनहुँ।

**माननीय सदस्य आशा कोइराला**

माननीय सभामुख महोदय, कोरोनाको कारण आक्रान्त जनजीवनमा फेरि पनि वर्षाको समयमा बाढीपहिरोका कारण घरहरु भत्किने, खेतीयोग्य जमिनहरु कटान हुने, बाटोघाटो र पुलपुलेसाहरु भत्कने क्रम अत्यन्त विकराल वन्यो। त्यसले गर्दा जनताको जनजीवन अत्यन्त कष्टकर बनिरहेको छ भने अझै पनि कति बाटाघाटाहरु अवरुद्ध नै छन्। यतिबेला विपद्को बेला सरकारले सम्वन्धित ठाउँमा गएर स्थलगत अध्ययन गर्यो, अनुगमन गर्यो र जनतालाई आश्वासन पनि दियो, हामी छिट्टै यसको संरचनाहरू पुनर्निर्माण गर्छौं, भत्किएकाका घरहरु निर्माण गर्नका लागि आवश्यक राहत प्रदान गर्छौं तर मलाई जानकारी भएन कि आजसम्म सरकारले कहाँ, कति राहत प्रदान गर्यो? त्यसकारण म सभामुखज्यू मार्फत प्रदेश सरकारसँग यो सदनलाई यो विपदको बेला गरिएको राहत सम्बन्धी नीति-नियम र कहाँ कहाँ कसरी सहयोग गरियो र कहिलेसम्म सम्वोधन हुन्छ त्यसको वारेमा स्पष्ट पार्नको लागि ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण बहादुर थापा, कास्की

**माननीय कृष्ण बहादुर थापा**

माननीय सभामुख महोदय, कास्की जिल्लाको सबैभन्दा लामो झोलुङ्गेपुल महानगर वर्डान.२१ र १७ जोड्ने जसलाई दम्छादी घाट पनि भनिन्छ र त्यो झोलुङ्गेपुल त्यहाँ गएपछि पहिरोको कारणले त्यो एकदम जोखिममा छ र मैले माननीय भौतिक पूर्वाधार योजना मन्त्रीज्यूलाई तत्कालिन अवस्थामा त्यहाँ गएर हेरिदिनको लागि र त्यसलाई व्यवस्थापन गर्नको लागि अनुरोध पनि गरेको थिएँ। माननीय मन्त्रीज्यूले २—३ दिन पछि फोन गर्छु म भनेर भन्नुभएको थियो र करिव डेड महिना भैसक्यो अहिलेसम्म मैले उहाँको फोन कुरेरै बसेको छु र माननीय सभामुख मार्फत सम्बन्धित मन्त्रालय र मन्त्रीज्यूलाई तत्काल त्यो झोलुङ्गेपुल बचाउनको लागि त्यो पहिरोको जोखिमले त्यो गाउँ नै एकदम जोखिममा छ। त्यसलाई जोगाउनको लागि म हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनबहादुर गुरुङ, कास्की।

**माननीय सदस्य श्री मनबहादुर गुरुङ**

सभामुख महोदय, कोभिड-१९ लाई नियन्त्रण गर्नको निमित्त हामीले संकल्प प्रस्ताव पास गरेको यही सदन हो र यो सदनले आइसुलेसन, क्वारेन्टाइन, पिसिआर सवै व्यवस्था गरिसकेको छ तर अहिले जनतालाई समस्या भनेको खोप हो। म यो दुःखका साथ यो सदनमा सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गर्न गैराखेको छु कि खोप नेताको घरघरमा गएर लगाउने, कार्यकर्ताको घर घरमा गएर लगाउने। जनतालाई खोप चाहिएको छ, नेताको ईष्टमित्रलाई लगाउने, के यही हो समाजवाद? के यही हो लोकतान्त्रिक? के यही हो हामीले ल्याएको गणतन्त्र? के यही हो नीति? के यही हो विधी? त्यसकारण म सभामुख मार्फत तुरून्त प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु कि यसलाई छिटो भन्दा छिटो कारवाही गरोस र जनतालाई तुरुन्तका तुरुन्त २४ लाख जनतालाई खोप उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु, धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, सून्य समयमा बोल्ने मान्य सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ। निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो स्थानबाट आ—आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री विकास लम्साल, समय ९ मिनेट।

**माननीय विकास लम्साल**

माननीय सभामुख महोदय, यही भाद्र १७ गते अविरल वर्षाका कारण पर्वत जिल्लाको कुश्मा न.पा. वडा नं. ३, दुर्लुङमा गएको पहिरोमा माधव प्रसाद पाध्या, ममतामयी आमा कौशिल्या पाध्या, श्रीमती भगवती पाध्या, छोरी विमला शर्मा, छोरी विनिता शर्मा र छोरा विनोद शर्मा एकै घरपरिवारका पाँच जनाको राति २ बजे आएको अविरल वर्षाका कारण दुःखद निधन भएको छ म उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र माधव प्रसाद पाध्याप्रति गहिरो समवेदना व्यक्त गर्न चाहन्छु त्यस्तै यही भाद्र १७ गते

रातिनै कुश्मा नगरपालिका वर्डानं ११ पकुवामा पकुवाको चालिसे भन्ने ठाउँमा हरिप्रसाद पौडेलको परिवार  आमा डल्ली कला पौडेल, श्रीमती माया कुमारी पौडेल र छोरा आयुष पौडेल तीन जनाको दुखद निधन भएको छ, म उहाँप्रति पनि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र हरि प्रसाद पौडेल प्रति गहिरो समवेदना व्यक्त गर्न चाहान्छु।

त्यस्तै कुश्मा नगरपालिकाकै चित्रे निवासी तीजको बेलामा दिदीको घरमा जानुभएका दुर्गा प्रसाद पौडेल र छोरा गणेश पौडेल हाम्रो धनराज पौडेलको श्रीमती हुनुहुन्छ र उहाँको छोरा हुनुहुन्छ र उहाँको पर्वत  जिल्लाको कुश्मा नगरपालिकाको सिल्मिी भन्ने ठाउँमा पहिरोबाट दुःखद निधन भएको छ म उहाँहरुप्रति पनि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र धनराज पौडेल प्रति  गहिरो समवेदना व्यक्त गर्न चाहन्छु। त्यस्तै कुश्मा नगरपालिकाकै वर्डान ३ अम्वोटमा मोदी गाउँपालिका निवासी फुलमाया थापाको दुःखद निधन भएको छ, म उहाँप्रति पनि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। यसरी एउटै नगरपालिका भित्र रातको २ बजे एकै समयमा ११ जनाको दुःखद निधन हुनु यो अत्यन्तै दुखद कुरा हो सभामुख महोदय।

कुश्मा नगरपालिकामा चुवा देखि भ्याव्ले खोला सम्म सडक पनि ८/८ दिन सम्म तिजको वेलामा अवरुद्ध भयो, अरवौ रुपैयाँको सम्पतिको क्षति भयो, तत्काल क्षति त्यहाँको पुनःनिर्माण गर्नका लागि लगभग २५ करोड रूपैयाँ लाग्ने अहिले प्रारम्भिक अनुमान गरिएको छ सभामुख महोदय। यसरी नै २०७६ सालमा कुश्मा नगरपालिकाको साविककै ठाउँमा ३ जनाको मृत्यु भयो। ०७७ साल १० जनाको मृत्यु भयो, अहिले ०७८ सालमा ११ जनाको मृत्यु भयो। अव्यवस्थित हिसाबले खनिएका सडकहरू, मोदी खोलामा सञ्चालन गरिएको हाइड्रोपावरको सुरुङहरूको प्रभावका कारण हो कि, नेपालको चेरापुँजी भनेर चिनिने लुम्लेमा पर्ने पानी वातारणीय प्रभाव मूल्यांकनको हिसावले, क्लाइमेट चेन्जको हिसावले अहिले त्यो दुर्लुङतिर बढी पानी परेको कारणले हो कि, यसरी लगातार मानवीय क्षति भइरहेको छ। हामी त्यसमा समवेदना मात्र दिने श्रद्धाञ्जली मात्र अर्पण गर्ने हो कि सरकारले  त्यो ठाउँमा अविरल वर्षाका कारणले  किन यसरी प्रत्येक वर्षायाममा मान्छेहरूको मानविय क्षति भएको छ,  धनजनको क्षति भएको छ। यसको मूल्याङ्कन गर्नका लागि यो सरकारले के गर्दैछ सभामुख महोदय। म सभामुख

महोदय मार्फत सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु। अब विचरा सरकारको के आलोचना गर्नु? राष्ट्रकवि माधव प्रसाद घिमिरेले लेखेको एउटा कविता थियो जुन मैले २ क्लासमा पढेको थिएँ। टालाटुली बटुली कति राम्री पुतली, सानी पनि छैन रे, ठुली पनि हैन रे, कोरीबाटी चुल्ठी आँखा दुवै गाजली। अब यो सरकार हो कि यो गुडिया हो यो? आज त्यत्रो मानवीय क्षति भएको छ, आज ८/८ दिनसम्म मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ तर यो सरकार कहाँ छ?

यो देखाउनका लागि हो कि यो केहि गर्नका लागि हो सभामुख महोदय। सरकार के गर्दैछ? सरकार दिन काट्दै छ कि सरकार काम गर्दैछ कि? सरकार के गर्दैछ? म सभामुख मार्फत सरकारको गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु। संङ्घीय सरकारले सम्वृद्ध नेपाल सुखी नेपाली प्रदेश सरकारले समृद्ध प्रदेश सुखि नागरिक भनेर एउटा आफ्नो लक्ष्य तय गरेको थियो आज टालाटुल बटुली गराएर एउटा सरकार बनेको छ। यो सरकारको लक्ष्य के हो? यल्ले जनता प्रति के गर्दैछ? आज यी समस्याहरुको बारेमा यो सरकारले के सोचिरहेको छ? यो समस्या समधान गर्नुपर्ने सरकारको दायित्व हो कि होइन? जीम्मेवारी हो कि होईन? हामीले अहिले प्रतिव्यक्ति आय १ हजार ६५ बाट अबको ५ वर्षमा २ हजार कटाउँछौं भनेका थियौं अबको २० वर्षमा हामीले १५ हजार प्रति व्यक्ति आय गण्डकी प्रदेशमा बनाउँछौं भनेका थियौं। हामीले पर्यटन क्षेत्रमा, प्रत्येक निर्वाचन क्षेत्रमा एउटा पर्यटकीय गन्तव्यको विकास गर्ने कुरा अगाडि सारेका थियौं।

आज सराङकोटमा हामीले ९० लाख रुपैयाँ खर्च गरेर टावर बनायौं, अब २० लाख रूपैयाँ खर्च गर्यो भने त्यो टावर संचालनमा आउने थियो, पर्यटकीय आकर्षक बढ्ने थियो, त्यहाँ रिभल्वीङ टावर बनाउने भनेको थियो, अहिले यो सरकारले पैसा राख्न सकेको छैन। पुम्दिकोट हामीले असोजभित्र त्यहाँको समुदायसँग मिलेर सञ्चालन गर्ने भनेका थियौं । अहिले यो सरकारले त्यो पुम्दीकोटको बारेमा केही सोच्दैन। फेवातालमा हामीले ग्रिनेरी गरेर त्यो फेवातालको व्युटिफिकेसन गरेका थियौं, आज त्यो काम एउटा किसानले कामको बेलामा आलीमा राखेको बाउसो जहाँको तहीं जस्तो यो सरकारलाई केही पत्तो छैन। यी काम के हुँदैछन् सभामुख महोदय? म सभामुख महोदय मार्फत

सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै हामीले नेपालीहरुलाई आत्मनिर्भर बनाउनका लागि इनफारेड चुलो २करोड रुपैयाँको वितरण गर्ने र ग्याँसलाई प्रतिस्थापन गर्ने र चुलोबाट विद्युतको खपत बढाउने भनेर त्यो काम अन्तिम चरणमा पुगेको थियो, त्यो चुलो किन वितरण हुन सकेन सभामुख महोदय?

म सभामुख महोदय मार्फत सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु। त्यो २ करोड रुपैयाँ कहाँ गयो? त्यो किन वितरण हुन सकेन? त्यस्तै हामीले कस्तुरी मृगको पालन गरेर त्यसबाट पर्यटन बढाउने, मेडिसियन प्लाण्टको रूपमा विकास गर्ने भनेर कार्यक्रम अगाडि सारेका थियौं आज त्यसमा रकम विनियोजन गरिएको छैन सभामुख महोदय। सरकार भनेको निरन्तर उत्तराधिकारी संस्था हो। आज सरकारले गरेका राम्रा कामहरु, जनताका प्रतिनिधिहरुले गरेका राम्रा कामहरु, टालाटुली बटुली गर्ने, त्यसलाई रोक्ने काम हो कि त्यसलाई निरन्तरता दिनुपर्छ सभामुख महोदय? म सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहन्छु। अहिले कोभिडको कारणले पर्यटन थला परेको छ। कोभिडको कारणले यो बेलामा हामीले पुनःनिर्माण गरेनौं भने यसको क्षति भोलिका दिनमा हामी पूरा गर्न सक्छौं भनेर हामीले धेरै पर्यटकिय पूर्वाधारहरु बनाएका थियौं। हामीले पर्यटकीय गोरु योजना बनाएर अबको २० वर्षमा नेपालमा ३ करोड पर्यटक ल्याउन सक्ने हामीले आँकलन सहितको गुरु योजना निर्माण गरेका थियौं। आज त्यो गुरुयोजना के हुँदैछ सभामुख महोदय?

म सरकारको सभामुख महोदय मार्फत गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु। यसरी काम गर्ने सरकारलाई काम गर्न पनि नदिने, अनि त्यसलाई प्रतिस्थापन गरेर आउने, अनि जनताको जनमतबाट होइन, जनताको समर्थनबाट होइन, टुपी टुपीको एलाइन्स गरेर अनि सरकार बसेर दिन काट्ने कुराले नेपाली जनताको भविष्य के हुन्छ सभामुख महोदय? म आज मन्त्री छोडेपछि पहिलो पटक हामी यो कुरा उठाईरहेका छौं। हामीलाइ यो सरकारले केही गर्छ भन्ने आशा पनि छैन, विश्वास पनि छैन। यो सरकारले १५ महिना यसरी नै समय व्यतित गर्दा खेरी यसले राष्ट्रलाई ठूलो नोक्सानी हुने भयो। मैले सङघीय संसदमा पनि भनेको थिएँ जनताले भोट हाल्न पाए भने, निर्वाचन भयो भने फेरी पनि यी कामका लागि जनता भोट हाल्न आतुर छन् जनताले काम गर्नेलाई चिनेका

छन पहिचान गरेका छन तर पनि यो समय वर्वाद नहोस् यो दिन काट्ने काम मात्रै नहोस्, यसले केही न केही कुरा आज हेर्नुहोस्, सवै ठाउँमा यत्रो समय बितिसक्यो अहिले कहिं पनि कामको प्रारम्भ भएको छैन। सभामुख महोदय, म यो टालाटुली बटुलीलाई यो पुतलीलाई यो कति समय जनताले वेट गरेर बस्ने हो यसले केही गर्ने हो कि यो देखाउनको लागि मात्र हो यो केही गर्नका लागि हो यो जनतालाई छारो हाल्नको लागि हो? दिन काट्नका लागि हो जागिर खानका लागि हो कि के हो? म यो गम्भिर प्रश्न सभामुख मार्फत यो सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

अब माननीय सदस्य श्री भागवत प्रकाश मल्ल समय ७ मिनेट।

**माननीय सदस्य श्री भागवत प्रकाश मल्ल**

माननीय सभामुख महोदय, यो गण्डकी प्रदेश सरकार जेठको अन्तिम सातामा गठवन्धन सरकार बन्यो। अहिले हामी सदनमा अलि चर्को चर्को हिजोको छट पटि हामी सुनिराखेका छौं। यो सदन र संसद जनताको आवाज वुलन्द गर्ने, सदनलाई बचाउने सबै गठवन्धनको हो। माननीयज्यूहरु विशेष गरी युवा तथा खेलकुद मन्त्रीजी, जसपाको दलको नेता, प्रमुख सचेतकज्यू, त्यस्तै जनमोर्चाको दलको नेता सचेतकज्यू सबै मान्यजनहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु र प्रतिपक्ष दलका केही सांसद र पूर्व मुख्यमन्त्रीलाई पनि म यो धन्यवाद दिन चाहन्छु। किनभने यो सदन बचाउने कुरामा उहाँहरू लाग्नु भएको थियो। यो भलै हामी सदनमा छौं, हाम्रो जनताको आवज वुलन्द गरिराखेका छौं र सरकार बन्यो, बजेट पनि हामीले ल्यायौं, बजेट आउँदै गर्दा हिजोको जुन छटपटी थियो हामीले सुनिराख्यौं यहाँ। संसदीय व्यवस्थाको मर्यादालाई हामीले पालना गर्यौं। हामीले सुन्यौ यहाँ के सुन्यौ भने, यो बजेट पास हुन नदिने, हामी जुत्ता पनि हान्छौं, कालोमोसो दल्छौं भन्ने हामीले सुन्यौं र त्यो कुरा पनि हामीले सहयौं त्यतिमात्र होइन सभामुख महोदय, त्यो रोष्टममा टेबुल सम्म फालियो। त्यसै जुन आक्रोस यो सदनमा भैराखेको छ यो आपत्तिजनक छ। म के मात्र भन्न चाहन्छु भने, हिजो पनि हामीले सदनमा धेरै कुराहरु राखेका थियौं। भ्रष्टचार भयो भनेर भनेको थियौं। भ्रष्टाचार को कुरा पनि हामीले मन्त्रलय अन्तर्गत भनेका थियौं। वन मन्त्रालय अन्तर्गत भनेको

थियौं हामीले प्रत्येक जिल्लाका डिएफुको मातहतमा यो वनमा काटेको यो रूखको चट्टा कहाँ हरायौ भनेर हामीले सोध्या थियौं त्यहाँ हामीले।

त्यो कुरा खोई र भौतिक पूर्वाधार मन्त्रालयलाई हामीले कुरा गरेका थियौं के कुरा गरेका थियौं भने सार्वजनिक खरिद नियमावली ऐन अनुसार यो साढे तिन वर्ष सम्म कति ठेक्का भए त्यहाँको ह्वाईट मनी त्यहाँको एग्रिमेन्ट साईन एमाउण्ट त्यो कहाँ गयो? त्यसको पनि हिसाब किताब हुनपर्छ त्यो पनि यहाँ हामीलाई यहाँ देखाउन जरूरी छ। त्यस्तै यातायातको पनि कुरा गयौं हामीले एउटा गाडी इन्ट्रि गर्दा सात देखि दश लाख रूपैयाँसम्म पैसा खायो हामीले रोष्टमबाट भन्यौं खोई? अहिलेको सरकारले के हेरिराखेको छ सभामुख मार्फत म यो के अनुरोध गर्न चाहान्छु भने यसको छानविन हुन जरूरी छ। यो आफ्नो आन्तरिक हिसाबले सबै कुरा बिग्रीने र यो प्रतिपक्ष यो गठबन्दन यो बनेको छ। सदन बचाएको छ। जनताका आवाज बुलन्द गर्ने कुरामा लागेको छ। यसमा किन दोष।

म अनुरोध गर्न चाहान्छु र अन्तिममा म के अनुरोध गर्न चाहान्छु भने यो अन्त्यमा सरकारले केही बजेट बाँड्यो, एउटा समिति पनि बन्यो तर अहिले सम्म प्रतिवेदन बुझाउन सकेको छैन, किन सकेको छैन एक महिना म्याद थप गरेको अनुभुति भएको छैन त्यो पनि यहाँ तुरुन्त जस्ताको तस्तै ल्याउन अनुरोध गर्न चाहन्छु र अर्को कुरा हामीले यो सदनमा अभ्यास गरेनौं र के अभ्यास गरेनौं भने प्रत्येक मन्त्रालय अन्तर्गतका मन्त्रीजीलाई उभ्याउने र हामी सांसदले बोल्ने अभ्यासै गरेनौं र यो नियमावली संसोधन गरेरै भए पनि यो जरुरी छ। सभामुख मार्फत म प्रदेश सरकारलाई विनम्र अनुरोध गर्न चाहान्छु र अर्को कुरा हामी भ्रष्टाचारको कुरा गर्छौं र हामी यहाँ जति चिच्याए पनि केही कुरा नहुने हो भने यसको अन्त्य हुनु पर्छ। हामी यहाँ कुरा गर्छौं भने गेटबाट बाहिर जाँदा खेरी यसको अनुसन्धान हुन जरूरी छ। यो कुरालाई पनि ख्याल गर्नुहोस र सभामुख मार्फत अहिले पनि कहीं कतै यो बजेट कमको कुरा र त्यस्तो मन्त्री २—३ वटा मन्त्रालयको कुरामा पनि यो थोरै भ्रष्टाचारको गन्ध फेरि सुनिएको छ यो नहोस् यति भन्दै सभामुख मार्फत यो संसदीय अभ्यास र यो हामीले जति कुरा उठाएका छौं, यसलाई लागु गर्न म विनम्र अनुरोध गर्दै विदा हुन्छु। हस धन्यवाद। जय नेपाल।

**मानानीय सभामुख**

माननीय सदस्य श्री पियारी थापा, समय ५ मिनेट।

**माननीय सदस्य श्री पियारी थापा**

माननीय सभामुख महोदय, वर्षायाम सुरु भएदेखि गण्डकी प्रदेशभित्रका जिल्लाहरु, अधिकांश जिल्लाहरुमा ठूलो धनधनको क्षति भएको कुरा सर्वविदितै छ। त्यो ठूलो धनजनको क्षतिले गर्दा गण्डकी प्रदेशका वासीहरु एउटा कोरोना भाइरसको चपेटाबाट आक्रान्त भइरहेको अवस्थामा फेरी अर्को बाढीपहिरोको भाइरसले आक्रान्त बनाएको छ। यसलाई गण्डकी प्रदेश सरकारले एउटा विज्ञप्ति मात्र फालेर पुग्दैन, एउटा समवेदना प्रकट गरेर मात्र पुग्दैन, यसका लागि ठोस रूपमा गण्डकी प्रदेशले के कति काम गर्यो र कति परिवारलाई राहत प्रदान गर्यो र कति परिवारलाई कुन कति दिनमा राहत दिन्छ भन्ने विषय स्पष्ट रुपमा आउनु पर्छ र गण्डकी प्रदेश सरकारले यो विषयलाई सम्बन्धित मन्त्रालयले गण्डकी प्रदेशको रोष्टमबाट जानकारी दिलाउनका निमित्त मैले अनुरोध गर्न चाहन्छु र अधिकांश बाटाघाटाहरु बन्द हुँदाखेरी जनजीवन अत्यन्तै कष्टकर बन्दै गइरहेको छ। अब लगत्तै नेपालीहरूको महान चाड पनि आउँदै छ। त्यसकारणले गर्दा खेरी यो भईरहेको र हुनसक्ने सम्भावित त्यो खालको सम्‌भावित त्यो दुर्घटना अथवा सम्भावित त्यो खालको असहजतालाई मध्यनजर गर्दै ती बन्द भएका बाटाहरुलाई यथाशक्य रुपमा संञ्चालन गर्न, बगाइरहेका पुलहरुलाई अनि त्यसपछाडी पुलहरूलाई यथाशक्य निर्माण गर्न र बाटघाटाहरूलाई यथाशक्य रुपमा सुचारु गर्नका निमित्त गण्डकी प्रदेश सरकारलाई मैले विशेष ध्यानाकर्षण गराउन चाहान्छु र त्यसैगरी वाग्लुङ जिल्लाको बाग्लुङ कुश्मीशेरा र वरेङ् सडकखण्ड अन्तर्गत गलुवाको एक्लेसल्लामा ठूलो पहिरो गई दक्षिण भेगका आवत जावत ठप्प बनेको छ र दक्षिण भेगको जनताहरू आवत जावतबाट बञ्चित हुनपरेको छ। त्यसलाई यथाशक्य रुपमा सुचारु गर्नका निमित्त गण्डकी प्रदेश सरकारले विशेष ध्यान दियोस् मैले आजको सभाबाट आजको विशेष समयबाट मैले विशेष अनुरोध गर्न चाहन्छु र एउटा कोरोना भाइरसको एउटा जुन आक्रान्त परिवेश थियो।

त्यो कोरोना भाइरसको आक्रान्त परिवेशमा फेरी अर्को एउटा भाइरस खतरनाक भाइरस मुलुकले व्यहोर्ने कुरा आइरहेको छ त्यो के हो भने एमिसिस मिलिनियम च्यालेन्ज कर्पोरेशन जो अमेरिकाको निशर्त जुन खालको अनुदान छ । त्यो खालको अनुदानले देशलाई एउटा अभिशाप देशमा भोलि एउटा अभिशाप उत्पन्न गर्नेछ त्यसकारणले गर्दाखेरी यो एमसिसि यो वा त्यो ढंगले पारित गर्ने हिसाबमा जुन सरकार लागेको छ त्यसप्रति हाम्रो पार्टीको गम्भिर आपत्ति व्यक्त गर्न चाहन्छु र यसलाई मिलिनियम च्यालेन्ज कर्पोरेसनलाई जुन सच्याएर भएर पनि त्यसलाई पारित गर्ने भनेर जुन प्रकारको एउटा कृयाकलापहरु भइरहेको छ त्यसमा हाम्रो गम्भिर आपत्ति रहेको जानकारी माननीय सभामुख मार्फत मैले केन्द्र सरकारलाई गराउन चाहन्छु।

यो निःशुल्क पायो भन्दैमा अलकत्रा पनि खाने, जुन प्रकारको परिवेश छ यसलाई तुरुन्त रोक्नका निमित्त, यो अलकत्राले वास्तविकता रूपमा स्वास्थ्यमा प्रतिकुल असर पार्दछ। त्यसकारणले गर्दाखेरी यो निशुल्क रुपमा आउने एमसिसि भोलि हाम्रो देशलाई एउटा अभिशापको रुपमा आउने छ । त्यसकारणले गर्दाखेरी हाम्रो देशको राष्ट्रिय अखण्डता र हाम्रो संविधान २०७२ को जुन एउटा मर्म छ त्यो मर्मलाई पनि कुल्चने छ त्यसकारण यो एमसिसि तत्काल खारेज गर्नका निमित्त मैले आजको सभाबाट विशेष जोडदार माग गर्न चाहन्छु। धन्यवाद।

**मानानीय सभामुख**

माननीय सदस्य श्री मनबहादुर गुरुङ, समय ९ मिनेट ।

**माननीय सदस्य श्री मनबहादुर गुरुङ**

सभामुख महोदय, आज मलाई अलिकति खुशी पनि लागिराखेको छ। हिजो संविधान दिवस भव्यताका साथ मनायौं, सबैलाई शुभकामना पनि छ र आज म सुन्दैछु, आज सरकारको १०० दिन पूरा भयो। हिजो यही कुराहरू स्मरण गर्न पनि चाहन्छु। हिजो ०७८ जेठ २९ गते माननीय मुख्यमन्त्री पदस्थापन गर्दा एउटा निर्णय भएको सुन्नमा आएको थियो। पूर्व मुख्यमन्त्रीलाई सेवा सुविधा। आज १०० दिनमा फेरी कुन सेवा, सुविधा ल्याउँदैछ, आउँदैछ त्यो भोलिको दिनले हेर्न बाँकि छ।

सभामुख महोदय, आज  १०० दिन सरकारको जुन उत्सव राख्दा मेरो विचारमा करिव करिव ९८,९९ दिन भयो होला। ०७८ जेठको ३१ र आषाढ १ गते गण्डकी प्रदेशमा पनि ठूलो बाढी आयो। अविरल बर्षा भयो त्यसले मनाङ जिल्ला र कास्की जिल्लालाई ठूलो धनजन वा मानवीय क्षति पनि भयो। मेरो विचारमा लाग्छ, म गलत पनि हुन सक्छ, गण्डकी प्रदेशमा अविरल वर्षाका कारण ठूलो बाढी आयो पहिरो आयो तर मनाङ र कास्की जिल्ला होला कास्की जिल्लामा पनि कास्कीको क्षेत्रन. होला जस्तो लाग्छ। आज ९८/९९ दिन भयो मैले सुन्नमा आएको थिए, पार्टीले संसद बनाउँछ, संसदले सरकार बनाउँछ, सरकार राज्यको हुन्छ भन्ने ठानेको छु त्यो पनि सुन्न आयो तर आज ९८,९९ दिन हुँदा सम्म पनि त्यो मादी गाउँपालिकाको वडा नं. २ का जनताले बाटो पाएको छैन। वडा नं.१ को जनताले बाटो पाएका छैनन्, बाटो बन्द छ, ठूलो धनजनको क्षति त भयो भयो ठूलो हाइड्रोपावरको ठूलो क्षति भयो।

भौमया लगायतका १३ जनाको घर त करिव करिव विस्थापित नै भइसक्यो र उहाँहरुलाई पुनस्थापना गर्नु पर्ने नाममा अहिलेसम्म पनि न त्यो बाटो सरकारले केही रकमहरु उपलव्ध गराएको छ, न त्यो बाढीपीडितलाई, त्यति मात्र कहाँ हो र फेरि असारको १ गते बाढी पहिरो जान्छ, असारको १६ गते १६ करोड रकमान्तर गर्छ, १४६ वटा योजना हुन्छ त्यो मादीमा पर्दैन कस्तो खालको विडम्वना? त्यसपछि असारको ३० गते रातो किताव आउँछ तर त्यो बाटोमा एकपैसा पर्दैन। कतै कतै मलाई फेरि अलिकति मनमा खिसखिस पनि लाग्यो कि यो क्षेत्रमा सांसद मनबहादुर भएको कारणले त होइन? २,३ महिनासम्म त्यहाँको जनता सामाजिक सञ्जालबाट वञ्चित छ। बत्ती पाएको छैन, आज भन्दा ३० वर्ष अगाडिको अवस्थामा छ तैपनि सरकारको ध्यान पुग्दैन।

मलाई त फेरी साथीहरुले भन्नुभयो यो सरकारले राम्रो काम गर्नु पर्छ, राम्रो काम गर्नेलाई मैले पनि शुभकामना दिन चाहान्छु। भ्रष्टाचारीलाई कारवाही गर्नुपर्छ, हो भ्रष्टाचारीलाई कारवाही गर्नुपर्छ।हिजोको सरकारले यदी बदमासी गरेको छ भने एक एक कारवाही गर्नु पर्छ म सभामुख महोदय मार्फत यो सरकारलाई अनुरोध गर्न चाहन्छु। त्यसपछि भाद्र १५,१६ गते अविरल बर्षाका कारण काँहुखोला पोखरा महा.न.पा. वडा नं. १३

मा अम्मर बहादुर गुरुङ, धनप्रसाद गुरुङ, सविता गुरुङको घर पहिरोले क्षतविक्षत बनाएको छ। त्यतिमात्र कहाँ हो र सभामुख महोदय? काँहुखोला हामी सवैले थाहा छ, काहुँखोला।

यो गण्डकी प्रदेशको राजधानी पनि हो, नेपालको पर्यटकिय राजधानी पनि हो तर त्यो ठाउँ समयमा व्यवस्थित गर्न सकिएन भने प्रत्येक वर्ष त्यो काहुँ खोलाले कयौं धनजन मात्र नभईकन मानवीय क्षति पनि पुर्याउनेछ त्यसकारण म सभामुख मार्फत यो प्रदेश सरकारलाई के ध्यान आकर्षण गर्न चाहन्छु भने काहुँखोला माथि पहिरो नियन्त्रण गरेर विभिन्न खालका वैज्ञानिक प्रवृत्तिहरू अपनाएर सिलट्रेसन ड्यामहरू बनाएर त्यसलाई नियन्त्रण गर्न सकिएन भने भोलिका दिनमा यो अवस्था आउन सक्छ। गुम्वाको फेदीमा वा १३ नंमा जुन घरहरूलाई माथि गुम्बाको डाँडाबाट पहिरो आएको हुनाले त्यो गुम्वाको डाँडामा वा के गर्नु पर्छ ? त्यसलाई चाँडो भन्दा चाँडो यो सरकारले नियन्त्रण गर्न सकोस्, पहिरो रोकथाम गर्न सकोस् त्यहाँका जनतालाई राहत दिन सकोस् भन्ने कामना गर्न चाहन्छु। जहाँसम्म यो बाढिपहिरो आएपछि हामी गर्व गर्ने गर्छौं ।

बाढिपहिरो आइसकेपछि फेरि हामी विपद् व्यवस्थामा लाग्ने गर्छौं। म स्मरण गर्न चाहन्छु यो सरकारलाई सभाभुख मार्फत हामी किन गर्व गर्दछौं भने पोखरामा अन्तर्राष्ट्रिय नयाँ एयरपोर्ट बनाउँदैछ। अन्तराष्ट्रिय एयरपोर्ट पूर्वपट्टि ठूलो पहिरो गएको छ त्यो पहिरो जानुको कारण के हो भने सेतीको पानी, काहुँखोला नहरको पानी सेति नहरको पानी मात्र होईन काहुँडाडा देखिको पानी सवै त्यो ठाउँमा जाने भएको हुनाले कता कता मलाई महसुस भएको छ कि भोली यो नयाँ एयरपोर्ट बनाउन सक्यौं बनायौं भनेर हामीले गर्व गरिराखेको अवस्थामा कतै फेरि त्यस्ता खालका विपद्का अवस्थाहरू आउने त होइन ? त्यस हुनाले हामी बेलामै सचेत रहनसकौं सभामुख मार्फत म यो सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छू।

त्यसकारण सभामुख महोदय, र अझै पनि म के विनम्र अनुरोध गर्न चाहान्छु भने चाडवाड हिन्दू नेपालमा अव चाडबाडहरू अव शुरु भैसकेको छ। तिज गइसकेको छ, वडा दशैं आउदैछ, ल्होछार आउँदैछ। यो बेलामा हामीले अलिकति सहज वातावरण

पुर्याएनौं भने, त्यो पहाडहरूको डाँडाकाँडाको वा बाटोहरुलाई समयमै सोर्न सकिएन भने फेरि जनता निराश हुने त होइन ? प्रदेश सरकारसँग कतै असन्तुष्टी जाहेर गर्ने त होइन ? हामीले हिजो मनाएको संविधान दिवसको खिल्ली उडाउने त होइन ? अपमान गरेको त हुदैन।

त्यसकारण म फेरि पनि अनुरोध गर्न चाहन्छु सभामुख महोदय मार्फत, यो सरकारले चाँडो भन्दा चाँडो ग्रामीण सडकहरु सुरुस्त, दुरुस्त गर्न सकोस् भन्ने कामना गर्दै फेरि पनि मैले यो सून्ने समयमा के सुनेको छु नेताहरू जनताहरु खोप भन्दैछन् जनता पिसिआर भनेको छैन खोप भन्दैछन्, जनता यो सरकारले खोप ल्याइदिए हुन्थ्यो भनिराखेकाे छन् तर यहाँ मैले सुन्नमा आएको छ, नेताहरुको घर—घरमा खोप लगाउने, कार्यकर्ताको घर-घरमा खोप लगाउने, इष्टमित्रहरुलाई खोप लगाउने जुन कार्यहरु भइराखेको छ।

जनताहरु उठ्दैछन् सभामुख महोदय यही कुराहरू राख्दै म यी कुराहरूलाई सभामुख महोदय मार्फत फेरि यो सरकारको ध्यान आकर्षण गर्नेछु र सुन्नेछु र तुरुन्त कार्यान्वयन हुनेछ भन्ने कुरामा विश्वास राख्दै आफ्नो भनाई अन्त गर्दछु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारी, समय ९ मिनेट।

**माननीय सदस्य श्री राजीव पहारी**

माननीय सभामुख महोदय, लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्नु भएको जीवनको उत्तरार्द्धमा पुग्नुभएका माननीय कृष्णचन्द्र नेपालीको नेतृत्वमा गठवन्धन सरकार बनेको १०० दिन पुग्यो। यो १०० दिनमा सरकारले केही गरेन भन्दिन। सरकारले अघि सत्तापक्ष माननीयज्यूहरुले पनि भन्नुभयो धेरै काम गरेको छ। बाढी पहिरो जान्छ अनि अनुगमनको नाममा मन्त्रीहरुको ताँती लाग्छ। बाढीपहिरोबाट

मान्छेको निधन हुन्छ। प्रदेश सरकारले विज्ञप्ति निकाल्छ। शोक बिज्ञप्ति निकाल्छ। त्यो बाहेक यो १०० दिनमा प्रदेश सरकारले गरेका केही महत्वपूर्ण कामहरु छन् ।

एउटा ११ जना मन्त्री बनाउने काम गरेको छ, मन्त्रीमण्डलको विस्तार गरेको छ, धेरै महत्वपूर्ण काम गरेको छ, करिव एक डेढ महिना लगाएर त्यो गरेको छ। दोस्रो मन्त्रीज्यूहरुले डम्फु यति मजाले बजाउनु भयो कि, मन्त्रीले ती शब्दहरु यहाँ प्रयोग नगरौं यो सम्मानित सभामा। मन्त्रीले मुख्यमन्त्रीलाई मन्त्री मन्त्रीकै बिचमा आ-आफ्नो डम्फु मजैले बजाउने काम भयो के काममा के बापशाफ भने जस्तो भयो र त्यस पछाडि प्रदेश सरकारले एउटा आचार संहिता जाहेर गर्यो। मन्त्रीहरुले बोल्दाखेरी पनि मुख्यमन्त्रीसँग कन्सल्ट गर्नेदेखि लिएर अरू आचारसंहिता गर्यो। त्यो आचारसंहिता दोस्रो एउटा ऐतिहाँसिक उपलब्धिको काम गरेको छ। अहिले मैले यहाँ सरसर्ती हेरे यहाँ एउटा बिषय सूचिमा यो सेवा सुविधा सम्वन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक प्रतवेदन सहित टेबल हुने भन्ने कुरा पनि यहाँ आएको रहेछ, सुन्नमा आएको छ।

अब अर्को यो गठवन्धन टिकाउनलाई जोगाउनलाई सेवा सुविधा सम्बन्धी विधेयक आउँदैछ भन्ने यहाँ सुनियो, देखियो। विषयसूचिमा अब प्रदेश सरकार छैन भन्ने हो भने यता पनि मन्त्रीको झण्डा हल्लेको गाडी हिंडेकै छ, उता पनि मन्त्रीको झण्डा हल्लेको गाडी हिंडेकै छ। झण्डा र डण्डा पोखराका बजारमा व्यापक रुपमा देखिएकै छ।

हर्न बजेकै छ। छ भन्ने हो भने मैले बोल्दा त फेरी प्रतिपक्ष माननीयले यो विरोधको निम्ति विरोध गर्यो, आलोचनाको निम्ति आलोचना गर्यो भन्ने हुन्थ्यो होला सत्ता पक्षिय माननीयले भनिरहनु भएकै छ। यो सरकार भएको अनुभूति यहाँ त भ्रष्टाचार सम्मको कुरो आइसक्यो, सरकार छ कान छ सुन्दैन, आँखा छ देख्दैन भनेको अर्थ के हुन्छ? अब माननीय मुख्यमन्त्रीज्यू मैले शुरूमै निवेदा गरे जिवनको उत्तरार्द्धमा नै हुनुहुन्छ यो उहाँको निम्ति ठूलो अवसर पनि हो।

राजनैतिक अवसर पनि हो। हामीले सरकारले राम्रो काम गरोस सरकारको खुलेर प्रशंसा गर्न पाइयोस् हाम्रो ईच्छा, चाहना त ो छ तर व्यवहारत त्यो देखिने स्थिति छैन। हिजोको अघिल्लो सरकारले ल्याएका राम्रा योजनाहरु, जनताको आवश्यकता अनुरूप ल्याएका योजनाहरु पनि यिनीहरुलाई काट्ने र कार्यकर्ता पोस्ने गरी योजना ल्याउने काम भएको छ। पहिलाका सरकारले ल्याएका राम्रा कामहरुलाई निरन्तरता दिने होइन कटौति गर्ने काम गरेको छ। तसर्थ म अनुरोध गर्न चाहान्छु, माननीय सभामुख मार्फत मुख्यमन्त्रिज्यूलाई सरकारलाई कम्तिमा सरकार छ भन्ने कुराको केहि न केहि अनुभूति होस कम्तिमा हामी प्रतिपक्षहरूले पनि एउटा दुइटा त सरकार छ है गण्डकी प्रदेशमा यो यो गरेको भनेर भन्न पाइयोस्। आज सय दिन कटिसकेको छ हनिमुन पिरीयड पनि सिद्धियो। टुवाक्क देखिने कुनै भएको अवस्था छैन।

तसर्थ म सरकारको गम्भिरतापूर्वक ध्यानाक ृष्ट गराउन चाहान्छु। हिजो बोलेका कुराहरू कोडियमका बोलिएका कुराहरू गरेका कुराहरु एकचोटि स्मरण गर्नको निम्ति पून स्मरण गर्नको निम्ति म मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूलाई सरकारको ध्यानाक ृष्ट गराउन चाहन्छु। अर्को कुरा नयाँपुल देखि घान्द्रुक, लान्द्रुक अन्नपूर्ण वेसक्याम्पमा जाने बाटो पूरै अवरुद्ध भएको अवस्था छ लामो समय भइसक्यो अब अहिले यो पर्यटकीय सिजन पनि हो। लकडाउन खुल्ल ा भएको अवस्था छ। तसर्थ यो नयाँपुल देखि माथि जाने बाटो सबै अवरुद्ध छ। पदमार्ग पनि हुन त्यो बाटो यथाशिघ्र खुलाउनको निम्ति म सरकारको ध्यानाक ृष्ट गर्न चाहन्छु। अर्को पोखरा बजारमा ट्राफिक व्यवस्थापन ट्राफिक भन्दा पनि यो गाडीको चाप अत्याधिक बढेको छ, हुनत गाडीको चाप किन नबढोस, अब यसै त पोखरामा ट्राफिक जाम थियो। अहिले प्रदेश सरकार भएपछि चार पाँचसय गाडी यसै थपियो अझै थपिदै जाने हुनकि के हुन सेवा सुविधाको नाममा।

यसो भएर यो त जाम होईन महाजाम भैरहेको छ। यो महागठबन्दन सरकारले यो महाजाम खुलाउन र यो पार्किङ्गको व्यवस्थापन गर्ने कुरामा अलिकति ख्याल गरोस। अघिल्लो सरकारले रत्नमन्दिर हिमाग्री खुलाउने त्यसलाई पार्कको रूपमा घोषणा गर्ने भनेर त्यसको सवै प्रकृया पनि टुङ्गाएको थियो माथी नेपाल ट्रष्टबाट त्यो सवै कुरा टुङ्गाई सकेको अवस्था छ। यसलाई त्यहाँ अत्याधुनिक पार्क बनाएर त्यो खुलाउने कुरामा पनि

म सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु। अर्को कुरा खास गरेर गण्डकी प्रदेशमा पोखरामा प्राकृतिक स्रोत साधनमाथि व्यापक रुपमा दोहन भइरहेको छ, चाहे फेवातालको कुरा होस्, चाहे अन्य कुराहरू होस्। प्राकृतिक श्रोत साधनहरूको संरक्षणको निम्ति त्यो दोहनलाई रोक्नको निम्ति त्यसलाई नियन्त्रण गर्नको निम्ति र फेवातालको सन्दर्भमा प्रतिवेदन पनि आईसकेको छ।

सवै आइसकेको छ । त्यसलाई कार्यान्वयन गर्नको निम्ति म सरकारको गम्भिरतापुर्वक ध्यानाकृष्ट गराउन चाहन्छु। अब अघि प्रसङ्ग पनि आयो, कहिलेकाहिँ बोल्दा अलि डर पनि लाग्छ।जनताको दुःखको बारेमा, कष्टको बारेमा, पीडाको बारेमा कुरा गर्दा छटपटिका कुरा आउँछन्, म यो कुरालाई स्वाभाविक रुपमा लिन्छु माननीय सभामुख महोदय। हामीलाई जनताका पीडाले, जनताका दुःखले, जनताका कष्टले हामीलाई छटपटि हुन्छ, हामीलाई निद्रा पनि लाग्दैन।

हामी छटपटिन्छौं, हामी आत्तिन्छौं यि समस्या समाधान जनताका दुख कष्ट पाउने स्थिति नहोस कोभिडबाट आहात जनताहरू बाढिपहिरोबाट मर्माहित बनिरहेको अवस्था छ, जनताहरु रोग र भोकले अत्तालिएको अवस्था छ यो बेलामा। हिजो अहिले मन्त्री हुनुभएका माननीयहरुले बोलेका कुराहरु गरेका कुराहरू म एक पटक स्मरण गर्नको निम्ति म अनुरोध गर्न चाहन्छु, आग्रह गर्न चाहान्छु र गठवन्धन सरकार टिकाउने नाममा अतिरिक्त जनताको ढाड सेक्ने गर्न, चाहे ती जुनसुकै नाममा, जुनसुकै वहानामा होस्, साधारण खर्च बढन जाने कुनै पनि सुविधाहरु, सेवाहरु बढाउने काम यो सरकारले नगरोस्, गर्ने छैन भन्ने अपेक्षा लिन चाहन्छु र एउटा भनाई छ, केलाई के को धन्दा, केलाई के को धन्दा केलाई खानैको धन्दा भने जस्तो नहोस्।

सरकार जनताको सरकार हो भन्ने कुराको अनुभूति केही न केही जनताको एउटा दुईटा देखाउन सकोस सिङ्गो यो व्यवस्था माथि हिजो मात्रै हामीले छैटौं संविधान दिवस मनायौं। हामी संङ्घीय लोकतन्त्र लडेर किन ल्याएर आएको ? त्यो जनताको घरआँगनमा प्रदेश सरकार छ भन्ने कुरा व्यवहारले अनुभूति होस।

हामीले चढ्ने र हल्लाउने झण्डाले होइन, त्यो गाडीले होइन, जनताले आफ्नो प्रत्यक्ष दैनिक जनजिवनमा त्यो अनुभूति पाउने खालको वातावरण बनोस्, अहिले आर्थिक रुपमा अत्यन्तै तरल अप्ठ्यारो अवस्थाबाट जनता गुज्रिनुपरेको छ। यो प्रति सरकार गम्भिर भैदियोस भनिरहँदा खेरी सो नहोस् भन्दै म विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य टायम सकिएको छ। माननीय सदस्य ज्यूहरू, विशेष समयमा बोल्ने माननीय सदस्यज्यूहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यज्यूहरु, अब म मिति २०७७ साल चैत्र २७ गतेको सभाको वैठकमा प्रस्तुत भई मिति २०७८ साल भाद्र २९ गते बसेको सभाको वैठकबाट दाफावार छलफलका लागि विधायन समितिमा पठाईएको गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिको सभापति माननीय विष्णु प्रसाद लामिछानेलाई अनुमति दिन्छु।

**माननीय विष्णु प्रसाद लामिछाने -**

माननीय सभामुखज्यू, मिति २०७८ साल भाद्र २९ गते बसेको यस सभाको वैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न मिति २०७८ साल आश्विन १, २ र ३ गते समितिको वैठक बसेको थियो। समितिको वैठक समितिका माननीय सभापति विष्णुप्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो। बैठकमा समितिका माननीय सदस्यज्यूहरू माननीय धनमाया पोखरेल लामा, पियारी थापा, पुष्पा केसी भण्डारी, प्रभा कोइराला, मनबहादुर गुरूङ, राजिव पहारी, सरिता गुरूङ, हरिबहादुर चुमान र माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिलामन्त्री विन्दुकुमार थापा समेतको उपस्थित रहेको थियो।

त्यसैगरी समितिको वैठकमा माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मा, मन्त्रालयका जिम्मेवार कर्मचारीज्यूहरु तथा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई समेत आमन्त्रण गरी छलफल गरिएको थियो। यस प्रकार विभिन्न मितिमा समितिको

वैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरि प्रस्तुत विधेयकको सम्बन्धमा सर्वसम्मतिबाट निर्णय भए बमोजिम संलग्न संसोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म मिति २०७८ साल भाद्र २९ गतेको सभाको वैठकमा प्रस्तुत भई मिति २०७८ साल भाद्र २९ गते बसेको सभाको वैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धि ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय विष्णु प्रसाद लामिछानेलाई अनुमति दिन्छु।

**माननीय विष्णु प्रसाद लामिछाने**

मानानीय सभामुखज्यू, मिति २०७८ साल भाद्र २९ गते बसेको यस सभाको वैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाईएको प्रस्तुत प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सेवा सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न मिति २०७८ साल आश्विन ३ र ४ गते समितिको वैठक बसेको थियो। समितिको वैठक समितिका माननीय सभापति विष्णुप्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो। वैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, धनमाया पोखरेल लामा, पियारी थापा, पुष्पा केसी भण्डारी, प्रभा कोइराला, मनबहादुर गुरुङ, राजीव पहारी, सरीता गुरुङ, सावित्रा राना, हरिबहादुर चुमान र माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापा समेतको उपस्थिति रहेको थियो।

त्यसैगरी समितिको वैठकमा माननीय अर्थमन्त्री रामजीप्रसाद वराल र अर्थ मन्त्रालयका निमित्त सचिव रमेश शर्मालाई समेत आमन्त्रण गरी छलफल गरिएको थियो। समितिमा विधेयकको छलफल तथा निर्णयको क्रममा माननीय सदस्य राजिव पहारी, माननीय

सदस्य मनबहादुर गुरुङ,माननीय सदस्य पुष्पा केसी भण्डारी, माननीय सदस्य प्रभा कोइराला र माननीय सदस्य सावित्रा रानाले भएको निर्णयप्रति असहमति राखु भएको थियो। यस प्रकार विभिन्न मितिमा समितिको वैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा वहुमतबाट निर्णय भए बमोजिम संलग्न संसोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो वैठक मिति २०७८ साल आश्विन ५गते बिहान ११ बजे सम्मको लागि स्थगित हुन्छ।